नेपाल सरकार
श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभाग
ई.पि.एस. कोरिया शाखा ग्वार्को, ललितपुर

**दोश्रो चरणको कृषि तथा पशुपालन (Agriculture & Livestocks) तर्फ छनौट भएका व्यक्तिहरुको स्वास्थ्य परीक्षण तथा रोजगार आवेदन फाराम (Job Application Form) दर्ता गर्ने सम्बन्धी**

## अत्यन्त जरुरी सूचना !!

मितिः-२०८०।०४।२४

**(कोरियन भाषा परीक्षा (EPS-TOPIK) उत्तीर्ण गर्नु कोरियामा रोजगारीको ग्यारेन्टी होइन ।)**

रोजगार अनुमति प्रणाली (EPS) अन्तर्गत सन् २०२२ को दोश्रो चरणको कोरियन भाषा परीक्षा (EPS-TOPIK, UBT-2022) मा कृषि तथा पशुपालन (Agriculture & Livestocks) क्षेत्र तर्फ उत्तिर्ण भएका ८१९८ जना व्यक्तिहरुको दक्षिण कोरियामा रोजगार अनुमति प्रणाली (EPS) अन्तर्गत रोष्टरमा सूचिकृत प्रकृयाको लागी स्वास्थ्य परिक्षण तथा रोजगार आवेदन फाराम (Job Application Form) वितरण कार्यक्रम देहाय बमोजिम हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

क) **स्वास्थ्य परीक्षण (Medical Check up) गराउन जाँदा आवेदकले निम्न कागजातहरु अनिवार्यरुपमा लिई जानु पर्नेछ :-**

- दरखास्त फाराम भर्दा पेश गरेको राहदानीको सक्कल प्रति ।
- EPS-TOPIK परीक्षाको प्रवेशपत्र ।
- हालसालै खिचिएको पासपोर्ट साइजको फोटो २ प्रति ।
- स्वास्थ्य परीक्षण शुल्क वापत रु. ७३००/- (अक्षरुपी सात हजार तीन सय रुपैयाँ मात्र) सम्बन्धित स्वास्थ्य संस्थाबाट तोकिएको बैंक वा स्वास्थ्य संस्थाको काउण्टरमा बुझाउनु पर्नेछ ।
- स्वास्थ्य परीक्षणको Report सम्बन्धित अस्पतालबाटै प्राप्त हुने भएकोले सम्बन्धित उम्मेदवारहरुले Report लिन अस्पतालमा नगदी रसिद वा बैंकमा बुझाएको भौचर लिई तोकिएको मिति र समयमा सम्बन्धित अस्पतालमा सम्पर्क गर्नुहुन जानकारी गराइन्छ ।
- स्वास्थ्य परीक्षण बारेको अन्य जानकारी सम्बन्धित अस्पतालबाट उपलब्ध हुनेछ ।
- सम्बन्धित व्यक्तिहरुले स्वास्थ्य परीक्षणका लागि तोकिएको अस्पतालमा स्वास्थ्य परीक्षण हुने मितिमा सम्पर्क राख्नु पर्नेछ ।

ख) **स्वास्थ्य परीक्षण तालिका**

दोश्रो चरणको कृषि तथा पशुपालन (Agriculture & Livestocks) मा उत्तीर्ण उम्मेदवारको स्वास्थ्य परीक्षण तालिका

| सि. नं. | मिति | पाटन अस्पताल, लगनखेल, ललितपुर । | | शुक्रराज ट्रपिकल अस्पताल, टेकू काठमाण्डौं । | | नेपाल कोरिया मैत्री अस्पताल, ठिमी, भक्तपुर । | | निजामती अस्पताल, मिनभवन, काठमाण्डौं । | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सि.नं. | | सि.नं. | | सि.नं. | | सि.नं. | |
| | | देखि | सम्म | देखि | सम्म | देखि | सम्म | देखि | सम्म |
| १ | २०८०/०५/०६ | १ | ५०० | ५०१ | ८०० | ८०१ | ११०० | ११०१ | १४०० |
| २ | २०८०/०५/०७ | १४०१ | १७०० | १७०१ | २००० | २००१ | २३०० | २३०१ | २६०० |
| ३ | २०८०/०५/०८ | २६०१ | २९०० | २९०१ | ३२०० | ३२०१ | ३५०० | ३५०१ | ३८०० |
| ४ | २०८०/०५/०९ | ३८०१ | ४३०० | ४३०१ | ४६०० | ४६०१ | ४९०० | ४९०१ | ५२०० |
| ५ | २०८०/०५/१० | ५२०१ | ५५०० | ५५०१ | ५८०० | ५८०१ | ६१०० | ६१०१ | ६४०० |
| ६ | २०८०/०५/११ | ६४०१ | ६५५० | ६५५१ | ६८५० | ६८५१ | ७१५० | ७१५१ | ७४५० |
| ७ | २०८०/०५/१२ | - | - | ७४५१ | ७७०० | ७७०१ | ७९५० | ७९५१ | ८१९८ |

**पुनश्च:- उत्तिर्ण भएका व्यक्तिहरुको सि.नं. अनुसारको नामावली यस कार्यालयको वेभसाईटबाट हेर्न तथा डाउनलोड गर्न सकिनेछ ।**

**ग) रोजगार आवेदन फाराम** (Job Application Form) **दर्ता तालिका**

मिति २०८० भदौ १३ गते (तदनुसार ३० अगष्ट, २०२३) बुधबार देखि २०८० भदौ ३१ गते (तदनुसार १७ सेप्टेम्बर, २०२३) आईतबार सम्म अनलाईन मार्फत रोजगार आवेदन फाराम (Job Application form) दर्ता गर्नु पर्नेछ । रोजगार आवेदन फाराम यस शाखाको वेभसाईट http://epsnepal.gov.np/ मा गई भर्नु पर्नेछ । फाराम भर्ने तरिका http://epsnepal.gov.np/jobappform-online/ मा गई हेर्न सकिनेछ । रोजगार आवेदन फाराम पेश गर्नु पूर्व रोजगार आवेदन फाराम वापतको शुल्क संलग्न अनलाईन पेमेन्ट गेटवेबाट अमेरिकी डलर ५ बराबर (अघिल्लो दिन नेपाल राष्ट्र बैंकले तोकेको सटही दरले हुन आउने) नेपाली रुपैयाँ तिर्नु पर्नेछ । ने.रु.कति तिर्नुपर्ने हो अनलाईन प्रणालीमा देखिनेछ ।

- **आबेदन साथ संलग्न गरी अनिवार्यरुपमा पेश गर्नु पर्ने कागजातहरु:**
  १.राहदानीको अनुहार प्रष्ट देखिने गरी रंगिन प्रतिलिपि १ प्रति (राहदानीको वहाल अवधी कम्तीमा एक बर्ष रहेको) ।
  २. स्वास्थ्य परीक्षण प्रमाणपत्रको सक्कलै प्रति ।
  ३. प्रहरी प्रतिवेदनको सक्कलै प्रति ।
  ४. आवेदन फाराम वापत शुल्क तिरेको बैंक भौचरको सक्कल ।
  ५. ३ महिना यता खिचेको दुवै कान देखिने एम. आर. पी. साईजको सेतो पृष्ठभूमी भएको, Upper Chest देखिने, सेतो कपडा नलगाएको अनुहार प्रष्ट देखिने पासपोर्ट साईजको रंगिन फोटो एक प्रति ।
- **आवेदकले ध्यान दिनु पर्ने कुराहरु :**
  - ❖ पाटन अस्पताल, लगनखेलमा स्वास्थ्य परीक्षण गर्ने आवेदकहरुले बिहान ८:०० बजे, शुक्रराज ट्रपिकल अस्पताल,टेकूमा स्वास्थ्य परीक्षण गर्ने आवेदकहरुले बिहान ८:०० बजे, नेपाल कोरिया मैत्री अस्पताल, ठिमीमा स्वास्थ्य परीक्षण गर्ने आवेदकहरुले बिहान ७:०० बजे र निजामती अस्पताल, मिनभवनमा स्वास्थ्य परीक्षण गर्ने आवेदकहरुले बिहान ७:०० बजे सम्बन्धित अस्पतालमा गई स्वास्थ्य परीक्षण गराउनु पर्नेछ ।
- सम्बन्धित अस्पतालले जानकारी गराए अनुसार स्वास्थ्य परीक्षण गर्नु २ दिन पुर्व देखी सादा खाना खाने (माछा, मासु, मदिरा) नखाने ।
- स्वास्थ्य परीक्षण गर्न जाँदा आफुलाई सजिलो हुने लुगा (जस्तै:- ट्राउजर, भेष्ट) लगाएर जाने ।
  - ❖ निजामती अस्पतालमा स्वास्थ्य परीक्षण गर्न जाने व्यक्तिहरुको हकमा १ प्रति राहदानीको प्रतिलिपी (प्रतिलिपी अगाडी आफ्नो मोवाईल नम्बर लेख्ने), ३ प्रति MRP साईजको फोटो (एक प्रतिको पछाडी आफ्नो नाम लेख्ने) लिई अस्पतालमा सम्पर्क गर्नुहोला ।
- गणतन्त्र कोरियाबाट निष्काशन भएका, over stay र illegal रुपमा कोरिया बसेका व्यक्तिहरु रोजगार आवेदनका लागी अयोग्य ठहरिने छन् । त्यस्ता व्यक्तिहरुले राहदानीमा नाम, जन्म मिति, ठेगाना आदि परिवर्तन गरी आवेदन दिएको प्रमाणित भएमा कानून वमोजिम दण्डनीय हुने कुरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

२०८०।८।२४

**ई.पि.एस.कोरिया शाखा**